**Patan Pragya** *(Volume: 14, Number: 2, 2025)* *ISSN 2594-3278*

Received Date: Sept., 2025 Revised: Nov., 2025 Accepted: Dec., 2025

# *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा विश्वदृष्टि

**डा. दीपकप्रसाद गौतम**,

उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस

*Doi: https://doi.org/10.3126/pragya.v14i2.90785*

## लेखसार

*लीलबहादुर क्षत्रीको प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा विश्वदृष्टिसम्बन्धी लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाएर यसको प्रयोगका बारेमा उल्लेख गरिएको छ । यस लेखमा क्षत्रीद्वारा लेखिएको प्रतिध्वनिहरू विस्मृतिका उपन्यासलाई मूल आधार बनाइएको छ । यसमा क्षत्रीले हाम्रो देशमा मात्र नभएर भारतका अधिकांश भूभागमा पनि पूर्वीय दर्शन, रीतिरिवाज, परम्परा र सभ्यता समाजका उस्तै रूपमा कायम रहेको कुरालाई प्रस्तुत उपन्यासमा विश्वदृष्टिका माध्यमबाट देखाएका छन् । उक्त समयमा पनि समाजका धनीमानी र सामन्ती वर्गका साथै गरिब, विपन्न, पिछडिएका, अशिक्षित र सोझासिधा व्यक्तिले पनि आफ्नो संस्कृतिको जगेर्ना गरेको प्रसङ्गलाई विश्वदृष्टिका रूपमा देखाइएको छ । आफूले मान्दै आएका धर्म, परम्परा र सभ्यताका गतिविधिका प्रसङ्गमा त्यतिबेलाको युगमा सबै वर्ग, जाति र सम्प्रदायका व्यक्तिले आफूले मान्ने संस्कृतिप्रति खुब सचेत र सजक बनेर लागेका प्रसङ्गलाई एक ठाउँबाट मात्र नभएर हरेक ठाउँबाट हेर्नुपर्ने हुन्छ । उक्त कारणले गर्दा यस उपन्यासमा तत्कालीन समाजका व्यक्तिले अपनाउने चाडपर्व, भेषभूषा, रीतिरिवाज, पेशा, रोजगार र शिक्षाका कारण उत्पन्न भएका सामाजिक असमानताका पक्षलाई यसमा उल्लेख गरिएको विश्वदृष्टिसम्बन्धी दृष्टिकोण मान्न सकिन्छ । यसैले यिनै माथिका कारणले गर्दा म पात्रसँग जोडिएर आएका पात्रका गतिविधिलाई प्रस्तुत उपन्यासका आधारमा विश्वदृष्टिका माध्यमबाट उल्लेख गरिएको छ ।*

**शब्दकुञ्जी :** जीवनपद्धति, प्रथा, मानव अधिकार, सामाजिक सम्बन्ध, श्रेणीबद्ध ।

## विषय परिचय

लीलबहादुर क्षेत्री साहित्यका विविध विधामा कलम चलाउने व्यक्ति भए तापनि उनको मुख्य विधा भनेको उपन्यास हो । उनले यस विधामा ख्याति प्राप्त गरेका छन् । उनको *प्रतिध्वनिहरू विस्मृतिका* (२०६१) सालमा प्रकाशित उपन्यास हो । प्रस्तुत लेखमा लीलबहादुर क्षत्रीको उक्त *उपन्यासमा विश्वदृष्टि*का बारेमा अध्ययन हुने भएकाले उनका उपन्यासको समाजलाई उक्त सिद्धान्तका रूपमा उल्लेख गरिएको छ । यसरी यस लेखमा साहित्यको समाजशास्त्रमा उल्लेख गरिएको समाज र साहित्यको समाजशास्त्रीय सिद्धान्तको विश्वदृष्टिका आधारमा उल्लेख गरिएको समाजबीच घनिष्ठ सम्बन्ध भएकाले उक्त कुरालाई त्यसैअनुसार अध्ययन गरिएको छ । उपन्यासकार क्षत्रीको उक्त उपन्यासमा प्रयोग भएको समाज उनको जन्मभूमि एवम् कर्मभूमि आसाम हो । क्षत्रीले आफू बाँचेको युग, परिवेश र जीवन भोगाइका महत्त्वपूर्ण गतिविधिलाई उक्त समाजमा बस्ने पात्रमा सिर्जित भएका क्रियाकलापका रूपमा चर्चा गरेका छन् । त्यसपछि यी कुरालाई लीलबहादुर क्षत्रीको *प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा विश्वदृष्टि*को लेखमा नेपाली एवम् नेपालीतर समाजको बारेमा उल्लेख गरिएकाले उनको उपन्यासलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा विश्वदृष्टिका रूपमा विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य विषय रहेको छ ।

उनको यस उपन्यासमा पाइने समाजभित्रका यथार्थ चित्रलाई समीक्षा गर्नु र त्यससँग सम्बन्धित सैद्धान्तिक पक्षको निरूपण गर्नु प्रस्तुत लेखको अर्को महत्त्वपूर्ण पक्ष मानिएको छ । यस लेखमा क्षत्रीको उक्त उक्त कृतिमा समाविष्ट पात्रका मानसिक सोच, शैक्षिक र आर्थिक स्तरलाई आधार बनाई उनका कृतिसँग मिल्नसक्ने समाजको विश्वदृष्टिसम्बन्धी माध्यमबाट खोजी गरिएको छ । क्षत्रीका कृतिमा समाविष्ट भएको समाजलाई समाजशास्त्रीय दृष्टिकोणका रूपमा चर्चा गरिएकाले उनको उपन्यासभित्रको समाजको अध्ययन गर्नुका साथै सामाजिक विचार र लेखकका विचारबाट उत्पन्न भएका निष्कर्षको खोजी यस लेखमा उल्लेख गरिएको छ । त्यसपछि क्षत्रीको यस कृतिमा उल्लेख भएको समाजलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको लागि आवश्यक पर्ने विश्वदृष्टिसम्बन्धी तत्त्वको खोजी गरेर अध्ययन गरिएको छ । यसरी साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारको खोजी गरेर उनको यस उपन्यासभित्रको समाजलाई उक्त सिद्धान्तका मूल्य र मान्यताका आधारमा विश्लेषण गरिएको छ । विश्वदृष्टि भनेको मानवको समाजसँगको सम्बन्धबारे अध्ययन गर्ने विधि भएकाले त्यसैअनुसार यस शीर्षकको लेखमा समाजशास्त्रसँग साहित्यको र साहित्यसँग समाजको दोहोरो सम्बन्धका आधारमा अध्ययन गरिएको छ । यस प्रकारको अध्ययन अन्य कुनै विद्वान् तथा समालोचकले नगरेकाले उक्त विषयमा व्यक्त भएको समाजलाई यस लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारभूत तत्वका रूपमा अध्ययन गरिएको छ । यसरी यस लेखको अध्ययन गर्न क्षत्रीको यस उपन्यासमा पाइने विश्वदृष्टिको प्रयोग कुन रूपमा भएको छ भन्ने कुराका आधारमा यसको समस्या कथनलाई निर्धारण गरिएको छ । उनको यस शीर्षकको लेखमा समस्याको समाधानका निम्ति विश्वदृष्टिका बारेमा विश्लेषण गर्ने कार्यलाई उद्देश्यकथनका रूपमा लिइएको छ । यस लेखको सीमा भनेको क्षत्रीको यस उपन्यासलाई समाजशास्त्रीय मान्यतामा आधारित रहेको विश्वदृष्टिका रूपमा अध्ययन गर्ने कार्यलाई उल्लेख गर्नु हो । यस उपन्यासलाई समाजशास्त्रीय सिद्धान्तको विश्वदृष्टिका आधारमा अध्ययन गरिने भएकाले प्रस्तुत अध्ययनको औचित्य र महत्व स्वतः रूपमा यिनै कुरामा आधारित भएको देखिन्छ । यसैले यिनै माथिका कारणमा आधारित भएर तिनको समस्याको उपर्युक्त, प्रमाणित तथा वस्तुपरक निष्कर्ष निकाल्ने कार्यलाई यस अध्ययनको मूल उद्देश्य मानिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय कार्यमा आधारित रहेर सामग्रीको सङ्कलन गरिएको छ । यस लेखमा क्षेत्रीको *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासलाई प्राथमिक सामग्री मानिएको छ । त्यस्तै लीलबहादुर क्षत्रीका बारेमा यसभन्दा पहिलेका शोधकर्ताले प्रस्तुत गरेका सिद्धान्त तथा विश्वदृष्टिसम्बन्धी मूल्य र मान्यतासँग मिल्ने सामग्रीलाई द्वितीय सामग्रीको आधार बनाइएको छ । यसका साथै प्रस्तुत लेखमा क्षत्रीका आफन्त, समकालीन साथी, विद्वान् तथा समीक्षकसँग सोधपुछ सामग्री सङ्कलन गरिएको छ । यस्ता सामग्रीलाई आवश्यकता र औचित्यका आधारमा द्वितीय सामग्रीअन्तर्गत राखिएको छ । साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा आवश्यक पर्ने विश्वदृष्टिसम्बन्धी सिद्धान्तलाई प्रस्तुत लेखको सामग्री विश्लेषण विधि मानिएको छ । यसै सिद्धान्तका आधारमा सङ्कलन गरिएका सामग्रीलाई विश्वदृष्टिसम्बन्धी मूल्य र मान्यताका आधारमा विश्लेषण गर्दा वर्णनात्मक, व्याख्यान, अर्थापन र खोज विधिलाई मुख्य आधार बनाइएको छ । यसरी क्षत्रीको यस लेखमा प्राथमिक र द्वितीय स्रोतका रूपमा उल्लेख गरिएका सामग्रीलाई विश्वदृष्टिसम्बन्धी सिद्धान्तका आधारमा अध्ययन गर्दा विश्लेषण विधिलाई प्रयोग गरिएको छ ।

## विश्लेषणको पर्याधार

प्रस्तुत लेखमा क्षत्रीको यस उपन्यासलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका लागि आवश्यक पर्ने विश्वदृष्टिसम्बन्धी मूल्य र मान्यतालाई उल्लेख गरिएको छ । उक्त क्रममा अल्भिन डब्लु गोल्डनर, अलुइन्ट सी. गोल्डनर, लुसियन गोल्डम्यान, वाल्टर गोल्डस्किमिन्ट, आर. एम. मैकाइबर एन्ड चार्ल्स.एच. पेज, काउज लिसा, रोबर्ट डब्लु. विन्सस्लो, टी. रिचार्ड स्केफर तथा डेली हाइमसजस्ता समाजशास्त्रीले उल्लेख गरेका विश्वदृष्टिसम्बन्धी मान्यतालाई यस उपन्यासमा प्रयोग गर्दै उपयोग गरिएको छ ।

## विश्वदृष्टिसम्बन्धी सैद्धान्तिक आधार

साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति विश्वदृष्टिको सिद्धान्त अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यसलाई साहित्यको समाजशास्त्रीग अध्ययनको निम्ति मुख्य सैद्धान्तिक मापदण्डको रूपमा लुसियन गोल्डम्यानले *द ह्यूमन साइन्स एन्ड फिलोसोफी* नामक पुस्तकबाट चिनाउने काम गरेका छन् (गोल्डम्यान, सन् १९५२, पृ. १०१- १०२) । यस सिद्धान्त अनुसार उनले विश्वदृष्टिमार्फत समाजमा रहेका विचार, इच्छा र आकाङक्षाबाट यसलाई अर्न्तसम्बन्धित बनाउने काममा लाग्ने समाजका व्यक्तिले नै यसलाई मूर्त रूप दिनुपर्ने कुरा उल्लेख गरेका छन् । कुनै एउटा समाजमा बस्ने व्यक्ति, संघ, संस्था एवम् समूहमा रहेका विचार, मूल्य, मान्यता र चेतनाजस्ता कुराहरूलाई अर्को समाजमा बस्ने व्यक्ति, संघ, संस्था एवम् समूहमा रहेका विचार, मूल्य, मान्यता र चेतनाजस्ता कुराहरूलाई परस्पर रूपमा चारैतर्फ फैलाउने क्रियाकलापलाई विश्वदृष्टि भनिन्छ । यसरी समाजमा आबद्व भएका व्यक्तिहरूका विभिन्न गतिविधिहरूलाई एकआपसमा अन्तर्सम्बन्धित बनाएपछि यसैमार्फत विश्वदृष्टिको प्रयोग हुने कुरा गोल्डम्यानले व्यक्त गरेको पाइन्छ ।

लुसियन गोल्डम्यानले *द हिडन गड* भन्ने पुस्तकमा पनि विश्वदृष्टिको दृष्टिकोणसम्बन्धी कुराको चर्चा गरेका छन् । समाजका उच्चवर्गका व्यक्तिहरूले अन्य वर्ग तथा समूहको चेतना, इच्छा, आकाङ्क्षा एवम विचारलाई सुसज्जित तरिकाले आत्मसात गर्ने काम विश्वदृष्टिले गर्दछ । समाजका त्यस्ता व्यक्तिहरूले आफ्नो वैचारिक तथा काल्पनिक सतहबाट सामूहिक चेतनालाई प्रतिबिम्बत गर्दछ (गोल्डम्यान, सन् १९६४, पृ. १७) । यसका साथै समाजका सामाजिक विचाहरूको आपसी अन्तर्सम्बन्धको निम्ति उच्च चेतनालाई अनुभवमार्फत व्यक्त गर्दछ । यसैले त्यस्ता वर्गहरूमा साधारण प्रतिभा भएका व्यक्तिहरू लेखक र कलाकार आदिले यसको रूपमा भूमिका खेल्न सक्ने कुरा गोल्डम्यानले उल्लेख गरेको पाइन्छ ।

विश्वदृष्टिले समाजका कुनै वर्ग वा समूहमा रहेका सामाजिक मूल्य र मान्यताजस्ता सामाजिक संरचनाबीच समानधार्मिता ल्याउँछ । यसै हुनाले साहित्यको समाजशास्त्रीय अध्ययनले कुनै कृति र समूहको वीचको खोजी गर्दछ । त्यस्तो कृतिमा वर्ग, समूह तथा साहित्यबीच पनि समानधार्मिकता प्रकट भएको हुन्छ र जसमार्फत कृति महान् बन्न पुग्दछ । कुनै एउटा समाजमा एकै कालखण्डमा लेखिएका विभिन्न साहित्यकारहरूमा व्यक्त चेतनाको संरचनामा समानता वा समानधर्मिता पनि देखा पर्दछ (गोल्डम्यान, सन् १९६४, पृ.८५) । कृतिकारको कृतिमार्फत व्यक्त विश्वदृष्टिको माध्यमबाट कृति सिर्जना गरिएको समाज एवम् त्यस समाजका विभिन्न वर्ग एवम् समूह बीचको मानसिक संरचनाबारे उल्लेख गरिन्छ । यिनै कुराहरूले गर्दा लुसियनले व्यक्त गरेको विश्वदृष्टिसम्बन्धी धारणालाई साहित्यको समाजशास्त्रीय सिद्धान्तमा व्यक्त भएको विश्वदृष्टिको आधारभूत तत्त्वका रूपमा अध्ययन गरिएको छ ।

मानिसहरू बसोबास गर्ने समाजको प्रमुख रूपबाट पृथक अथवा स्वतन्त्र समुदायहरूको विधानहरूमा जुन विचार व्यक्त गरिन्छ त्यो विचारले आफू स्वयम्को आन्तरिक सम्बन्ध र बाह्य सुरक्षाको व्यवस्था गर्दछ । सामान्यतः सामाजिक तथा राजनीतिक सिद्धान्तका लेखकमा सीमित रहने विचारका प्रवृत्तिलाई विश्वदृष्टि मानिन्छ । विश्वदृष्टिको सर्न्दभमा उदाहरण दिनुपर्दा, प्लेटोले यही कुरा मानेका र उनको निर्दिष्ट आर्दश समाज स्वयम्मा पूर्ण एवम् आत्मनिर्भर बनेको थियो भन्ने कुरा उल्लेख गरिएको छ। यसका अतिरिक्त उनको सम्बन्ध ग्रीक समुदायहरूका साथ केही पहिलेदेखि नै त्यहाँको आसपासको समाजसँग घनिष्ठ सम्बन्ध रहेको देखिन्छ (सिन्हा र अन्य, सन् १९६२ पृ.१५१) । वास्तवमा यही उनको एक प्रकारको मान्यता रहेको छ । उनको आदर्श निराधार नभएको र त्यो आफ्नो चिर-परिचित वा वास्तविक नगर राज्यहरूका समस्याहरूको विश्लेषण रहेको कुरा व्यक्त भएको पाइन्छ। पछिका लेखकहरूले पनि निसन्देह रूपमा अन्तर्राष्ट्रिय समस्याहरूमा धेरै समय खर्चेका देखिन्छ। परन्तु कुनै समयमा सत्य भएको र यस्तो सम्बन्धले पछि थप ऊर्जा दिएर विश्वदृष्टिसम्बन्धी मान्यतालाई व्यापक बनाएको देखिन्छ ।

समाजशास्त्रीय दृष्टिकोणका मूल्य र मान्यतालाई समाजशास्त्रले राष्ट्रिय क्षेत्रदेखि अन्तर्राष्ट्रिय क्षेत्रसम्म विस्तार गर्ने काम विश्वदृष्टिका कारणले गर्दा सहज बन्न जान्छ । समाजशास्त्रका अन्य सिद्धान्तहरू पनि सबैतिर सार्वभौम रूपमा फैलिन पुग्छन् (गोल्डनर, सन् १९७१ पृ.४७३) । यसैले विश्वदृष्टि भन्नासाथ सबैतिरको दृष्टि वा धारणालाई सत्य, तथ्य र विश्वासमा आधारित बनाउनु हो । तसर्थ समाजशास्त्रसँग सम्बन्धित विश्वदृष्टिलाई साहित्यको समाजशास्त्रीय अध्ययनको निमित्त उपर्युक्त आधारभूत तत्त्वसँग अन्तर्सम्बन्धित बनाउन सकिन्छ ।

मानव समाज विभिन्न विषयका पद्दतिहरूसँग अन्तर्सम्बन्धित हुन्छ। यिनै विश्वदृष्टिसम्बन्धी धारणाले गर्दा सार्वभौम विश्वमाथि नै व्यक्ति, संघ र संस्थाका आवश्यकता र क्षमता मानवीय एवम् वातावरणीय तत्त्वहरूसँग समाहित हुन्छन्। एउटा जैविक अथवा वातावरणसम्बन्धी तत्त्वहरूका लागि समाज र संस्कृतिले विभिन्न खाले कुराहरू बीच घनिष्ठ सम्बन्ध राख्दछ (गोल्डस्कमिन्ट, सन् १९६० पृ. ५६१) । तर अझै सामाजिक र सांस्कृतिक आवश्यकताहरू सीमा र माध्यमबाट बाहिरतिर गई एउटा पङ्क्तिमा आबद्ध हुन्छन् । यसैले गर्दा समाजशास्त्रीय दृष्टिकोणअनुसार विश्वदृष्टिसम्बन्धी मान्यता एउटा सीमामा मात्र आबद्ध नभएर चारैतिर फैलिन पुग्दछ।

समाजका असङ्गठित र अव्यवहारिक कुराहरूमा एकरूपता ल्याउने हुनाले सङ्गठित र व्यवहारिक बनाउने काम विश्वदृष्टिले गर्दछ । समाजशास्त्रीय मूल्य र मान्यताबाट विश्वदृष्टिले विगत र वर्तमानको धारणालाई जोड्दछ । यसले विभिन्न समाजका मूल्य र मान्यताहरूलाई समाज हुँदै राष्ट्र र राष्ट्र हुँदै अन्तर्राष्ट्रिय क्षेत्रसम्म विस्तार गर्दछ (विन्सस्लो, सन् १९७०, पृ.३३७) । यसैको माध्यमबाट कुनै समाजमा कायम रहेका रीतिरिवाज, धर्म, प्रथा, परम्परा र अन्य सामाजिक संस्थाहरूले मानवका हरेक क्रियाकलापमा प्रभाव पार्दछ । यही विश्वदृष्टिको मान्यताबाट नै समाजका असङ्गठित र अव्यवहारिक कुराहरू सङ्गठित भएर एउटा सिद्धान्तमा आधारित हुन्छन् । तसर्थ यसलाई पनि साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारभूत सिद्धान्त मानिएको विश्वदृष्टिको रूपमा व्यक्त गरिएको छ ।

लुसियन गोल्डम्यानले *टुवार्ड अ सोसियोलोजी अफ द नोभेल* पुस्तकको *द जेनेटिक्स स्ट्राक्टर्चलिष्ट मेथड इन द हिस्ट्री अफ लिट्रेचर* शीर्षकअन्तर्गत विश्वदृष्टिलाई चिनाएका छन् । उनले विश्वदृष्टिलाई समाजमा आबद्ध व्यक्तिहरूका विभिन्न खाले दृष्टिकोण, संरचना एवम् समाजका इच्छा, आकाङ्क्षा र भावनाअनुसार काम गर्ने व्यक्तिहरूसँग सम्बन्धित विषयवस्तु मानेका छन् । यसका साथै वंशाणुगत संरचनावादको अध्ययनलाई सामान्य मानवविज्ञान र साहित्यसम्बन्धी अनौठो किसिमको आलोचना गर्ने काम पनि विश्वदृष्टिमा गरिन्छ । उनले विश्वदृष्टिसम्बन्धी स-साना प्रतिबिम्बहरू सादृश्य र विपरित सम्बन्धका रूपमा आउने कुरा उल्लेख गरेका छन् (

गोल्डम्यान, सन् १९७५, पृ.१५६) । यस क्रममा उनले दुईवटा ठूला पूर्णकालीन पाठशालाहरूको आलोचना गर्ने संस्थाहरूसँग भावसंवाद र मनोविज्ञानलाई आत्मसात गर्ने काम पनि विश्वदृष्टिबाट सम्भव हुने कुरा उदाहरणको रूपमा प्रस्तुत गरेका छन् । यतिमात्र नभएर समाजमा बस्ने बौद्धिक व्यक्तिहरूले पनि त्यस समाजका विभिन्न वर्ग तथा समूहको इच्छा, आकाङ्क्षा, विवेक, विचार एवम् चेतनालाई कलात्मक रूपमा प्रस्तुत गर्ने काम समाजको विवेकबाट सम्भव हुने कुरा उल्लेख गरेका छन् । उनीहरूमा रहेका यस्ता कुराहरूमा विश्वदृष्टिले उल्लेखनीय भूमिका खेलेको देखिन्छ । यसका साथै सामाजिक विचारका अन्तर्सम्बन्धको लागि उच्च विवेकलाई मानिसहरूले विश्वदृष्टिको माध्यमबाट ग्रहण गर्दछन् । त्यस्ता वर्गहरूमा असाधारण प्रतिभा भएका व्यक्ति, लेखक, कलाकार र दार्शनिक आदिको बाहुल्यता रहन्छ । यसरी गोल्डम्यानले व्यक्त गरेको विश्वदृष्टिलाई साहित्यको समाजशास्त्रीय अध्ययनको निम्ति उपर्युक्त आधारको रूपमा प्रयोग गरिएको पाइन्छ ।

भाषासम्बन्धी सहजताले कसरी एकआपसमा विश्वसँग सम्बन्ध राख्न सकिन्छ भन्ने कुरामा पश्चिमी देशहरूका व्याकरणविद्हरू दृढतापूर्वक लागेको पाइन्छ । उच्च ठाउँ, केन्द्र अथवा भाषासम्बन्धी आधारभूत कुराहरू विश्वदृष्टिमा महत्त्वपूर्ण मानिन्छन् । धेरै अचल रूपमा समयअनुसार महत्त्वपूर्ण मानिएको र दोहोरो लिपिबद्ध नभएको भाषाभन्दा शब्दसञ्चय र ध्वनिविज्ञानसम्बन्धी भाषा विश्वदृष्टिको रूपमा बढी प्रयोगमा आएको देखिन्छ । यसका निश्चित विशेषताहरू सामान्य र आधारभूत नियममा आधारित हुनुमा पहिलेदेखि नै उस्तै किसिमको वैयक्तिक रूपमा गरिने अध्ययन एवम् विश्वजनिन मूल्यमान्यताले प्रभाव पारेको देखिन्छ । भाषाविद्हरूले व्यक्त गरेका सामूहिक धारणासँग सामान्य व्याकरणसम्बन्धी विशेषता प्रायः सामान्य समूहबाट आउँछन् । एउटा ठाउँमा आत्मज्ञानसम्बन्धी खाली ठाउँ, समय र कार्यजस्ता यावत कुराहरू विश्वदृष्टिकै कारणले गर्दा विभिन्न व्यक्तिबाट व्यक्त गरिन्छ । विश्वसम्बन्धी धारणाले भाषा र यसबाट ग्रहण गरिने तर्कजस्तै अर्थ स्पष्ट पार्ने कामसमेत हुन्छ (हाइमस, सन् १९६४, पृ.११६) । सायद एउटा सिक्काका दुईवटा भाग रहेजस्तै भाषासँग पनि व्याकरणको नाटकीय विविधता रहेको हुन्छ । यसै कारणले विश्वका भाषा र ती भाषाका व्याकरणमा देखिएका आत्माज्ञानसम्बन्धी समस्याको अर्थ स्पष्ट पार्ने अर्को खाले जीवनको मार्ग अथवा आफ्नै खाले विश्वसम्बन्धी अवस्था स्थापित हुनु जरुरी देखिन्छ । यसैले हाइमसले समाजशास्त्रीय दृष्टिकोणको विश्वसम्बन्धी मान्यतालाई साहित्यको समाजशास्त्रीय विश्वदृष्टिकोणसम्बन्धी आधारसँग संयोजन गरेको देखिन्छ ।

स्थानीय समाजमा फैलिएको धर्म, राष्ट्रियता एवम् बहुलवादले विश्वलाई साँघुरो बनाएको छ । आधुनिक विश्वको जीवनपद्धतिमा संलग्न बहुलवादसम्बन्धी धारणाको विकास भएको छ (लिजा, सन् २००२, पृ.३६०) । यसले राष्ट्रलाई आर्थिक र राजनीतिक रूपमा स्वतन्त्र र एकआपसमा अन्तर्सम्बन्धित बनाएको देखिन्छ । विश्वको आर्थिक अर्थतन्त्रको आधार भनेको विक्रीका लागि उत्पादन एवम् विक्रीकर्ताबाट मार्गनिर्देश हुनु हो । यिनै कुराले गर्दा विश्वको आर्थिक अवस्था, धर्म, संस्कृति र व्यक्तिहरूका मूल्य मान्यताहरूलाई विश्वका सबै ठाउँतिर स्वीकार गरिएको पाइन्छ । सामाजिक स्वरूपमा नै विश्वदृष्टिको मान्यताले प्रभाव पार्न थालेको देखिन्छ । अतः लिजा क्राउसले उल्लेख गरेको विश्वदृष्टिलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति आवश्यक पर्ने विश्वदृष्टिसम्बन्धी मापदण्डको रूपमा अध्ययन गरिएको पाइन्छ ।

विश्वदृष्टिसम्बन्धी कुराको चर्चा गर्दा लुसियन गोल्डम्यानले यसको खोजीबाट कुनै पनि समाजका व्यक्तिका वर्गीय वा सामूहिक भावनालाई समग्र रूपमा बुझ्न सकिने कुरा व्यक्त गरेको देखिन्छ । कला वा कृतिको विवेचना व्यक्तिगत भावनाबाट मात्र व्यक्त गर्न सकिँदैन । यसलाई सामूहिक चेतनाको सन्दर्भबाट पनि बुझ्नुपर्दछ (गोल्डम्यान,

सन् १९८०, पृ.७०) । समाज तथा समूहका क्रियाकलापहरूसम्बन्धी वस्तु व्यक्तिगत नभएर सामाजिक वस्तु मानिन्छन् । यसैले साहित्यलाई समूहको सम्पूर्ण सन्दर्भमा राखेर बुझ्नु पर्दछ । कुनै वर्ग वा समूहका जीवनजगतका बारेमा उद्घाटन गरिएका साहित्यकारहरूका सुव्यवस्थित दृष्टिकोणहरू नै विश्वदृष्टि हो । जुनसुकै समाजमा बस्ने व्यक्तिहरूको विचार वा भावनामा सङ्गति वा एकरूपता हुँदैन । यसैले विश्वदृष्टिमा एउटा मात्र व्यक्तिको विचार वा भावनाको वास्तविक रूप हुँदैन ।

लुसियन गोल्डम्यानले प्रतिपादन गरेको विश्वदृष्टिसम्बन्धी मान्यतालाई यसभन्दा पूर्वजका शोधार्थीहरूले व्यक्त गरेको अभिप्रायबाट पनि विश्लेषण गर्दा सान्दर्भिक मानिन्छ । यसै सिद्धान्तअनुसार समाजशास्त्री गोल्डम्यानले उल्लेख गरेको विश्वदृष्टिसम्बन्धी धारणालाई *ज्या जेनको रङ्गमञ्च (१९६६)* लेखमार्फत् उनको नाटक पर्दामा तत्कालीन फ्रान्सका मानिसहरूको विश्लेषण गर्ने क्रममा भविष्यमा फ्रान्समा क्रान्ति हुने कुराको सङ्केत गरेको पाइन्छ । उनको यो भविष्यपरक एवम् दूरदर्शी विचारलाई फ्रान्समा सन् १९६८ मा भएको राज्य क्रान्तिमार्फत प्रमाणित भएको देखिन्छ । साहित्यले वर्ग वा समूहको इच्छा, आकाङ्क्षा एवम् सम्भावित चेतनाको प्रस्तुत गर्दछ । साहित्यले समाजका वर्ग वा समूहको सम्भावित चेतनालाई समेट्ने हुँदा साहित्यमा विकसित विश्वदृष्टिले सामाजिक इतिहासको गतिको पूर्वानुमान गरिएको पाइन्छ (क्षत्री, २०६४, पृ.४९) । समाजका औसत र समग्र विचार, समूह, भावना तथा वर्ग चेतनाले भविष्यको इतिहास पनि सङ्केत गरेको हुन्छ । तसर्थ यी कुराहरूलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययनको निम्ति उपर्युक्त मापदण्डको आधारमा विश्लेषण गरिएको छ ।

विश्वदृष्टिले मानव समुदायहरूले बनाएका एवम् तिनीहरूको असाधारण क्रियाकलापहरूमा परिवर्तन ल्याउने कुराहरूको बारेमा उल्लेख गर्दछ । सम्पूर्ण मानव समुदायले खोजी गरेका कुरालाई यसले व्यक्तिगत जीवनपद्धतिको विषयवस्तु एवम् कुनै किसिमका मूल्य मान्यताको प्रतिनिधित्व गर्ने समाज, राष्ट्र तथा आधिपत्य कुराहरू एवम् विभिन्न खाले सभ्यताहरूलाई एकआपसमा मिलाउने काम गर्दछ (मैकाइबर र पेज, सन् २००४ पृ.५२४) । साम्राज्य एवम् आधिपत्य रूपमा जीर्ण भएका एवम् सबै रूपमा त्यागिएका वस्तुलाई पनि यसले एकआपसमा सम्मिलित गराउँछ । सामान्यतयः यो सिद्धान्तले विभिन्न जीवहरूको सादृश्य रूपमा रहेको खाली भागको रूपरेखालाई प्रत्येक समुदायको रूपरेखासँग जोड्दछ । तर कहिलेकाहीँ विभिन्न खाले पूरा गरिएका धारणाहरू एवम् स्वभावलाई हामीले सामाजिक संस्कृतिको माध्यमबाट अन्य रूपमा परिवर्तन गराउँदा पनि विश्वदृष्टिको मान्यताअनुरूप जोड्नुपर्दछ । यसरी मैकाइबर र पेजले समाजशास्त्रको विश्वदृष्टिसम्बन्धी सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको रूपमा प्रयोग गरिएको विश्वदृष्टिको सिद्धान्तअनुसार अध्ययन गरिएको छ ।

## परिणाम

*प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा विश्वदृष्टिको* शीर्षकको लेखको परिणामको विश्लेषण गर्ने क्रममा अल्भिन डब्लु गोल्डनर, अलुइन्ट सी. गोल्डनर, लुसियन गोल्डम्यान, वाल्टर गोल्डस्किमिन्ट, आर. एम. मैकाइबर एन्ड चार्ल्स.एच. पेज, काउज लिसा, रोबर्ट डब्लु. विन्सस्लो, टी. रिचार्ड स्केफर तथा डेली हाइमसजस्ता समाजशास्त्रीले उल्लेख गरेका साहित्यको समाजशास्त्र अन्तर्गतको सिद्धान्तलाई विश्वदृष्टिमा माध्यमबाट उल्लेख गरिएको छ । प्रस्तुत लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा भारतको आसाम र गोहाटी क्षेत्रमा बसोबास गर्ने नेपाली र नेपालीतर जातिका आवेश, संवेग, यौन तथा कुण्ठाको चिरफार गर्ने कार्यलाई मुख्य रूपमा परिणामको विषय मानिएको छ । भारतको आसाम र गोहाटी क्षेत्रमा बसोबास गर्ने नेपाली र नेपालीतर जातिका आवेश, संवेग,

यौन तथा कुण्ठाको चिरफार गर्ने कार्यलाई प्रस्तुत लेखको मुख्य परिणाम मानिएको छ । त्यस क्रममा त्यहाँ बसोबास गर्ने विभिन्न जातिका मान्छेले मान्ने चाडपर्व, रीतिरिवाज, संस्कृति, भेषाभूषा, लबाइखवाइ, पेसा, व्यवसाय र कला आदिले प्रभाव पारेका क्रियाकलाप उक्त उपन्यासको निचोडका रूपमा देखापरेका परिणाम हुन् । यस लेखको समष्टिगत सारका रूपमा परापूर्व कालदेखि नेपालबाट भारतका विभिन्न भूभागमा बसाई सरेर गएका नेपालीले आफ्नो देशमा सांस्कृतिक मूल्य र मान्यताका पक्षलाई संवेदनशील वस्तुका रूपमा स्वीकार गरेको देखिन्छ । प्रस्तुत लेखमा भारतका गोहाटी र आसाम क्षेत्रका भूभागमा बसोबास गर्ने नेपाली र नेपालीतर समाजका व्यक्तिले जन्मदेखि मृत्युपर्यान्तसम्म अपनाएका संस्कृतजन्य कुरालाई विश्वदृष्टिका मूलभूत पक्षबाट प्राप्त भएका परिणामका रूपमा लिइएको छ । यसैले प्रस्तुत लेखमा माथि उल्लेख गरिएका यिनै विषयवस्तुलाई महत्त्वपूर्ण उपलब्धिमा सारतत्त्वका रूपमा रहेका मूलभूत पक्ष मान्न सकिन्छ ।

## विमर्श

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासका पात्रका मनभित्र रहेका रिस, आवेग, संवेग, डरत्रास, यौन, कुण्ठा, दया, माया, करुणा र उपकारजन्य कुरालाई विश्वदृष्टिमार्फत देखाइएको छ । उक्त उपन्यासमा निहित पात्रका उतारचढावको खोजी गरेर प्रस्तुत उपन्यासलाई विश्वदृष्टिका रूपमा उल्लेख गरिएको छ । यस उपन्यासको श्विदृष्टि भनेको यसै कृतिका आधारमा भारतको आसाम र गोहाटीमा बसोबास गर्ने नेपाली र नेपालीतर समाजका व्यक्तिका संवेदनालाई हरेक दृष्टिकोणबाट विश्लेषण गर्नु हो । उक्त उपन्यासलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा रहेको विश्वदृष्टिका कोणका रूपमा अध्ययन गरिएको छ । उक्त सिद्धान्तका आधारमा यस उपन्यासका पात्रका जन्मदेखि मृत्युपर्यान्तसम्मका क्रियाकलापलाई यस लेखमा अध्ययन गरिएको छ । यस लेखको क्षेत्र साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा रहेको विश्वदृष्टिमा केन्द्रित रहेको छ ।

## प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा विश्वदृष्टि

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासका लेखक पनि आसामको नेपाली समाजका एउटा सदस्य भएकाले त्यस समाजको सुसङ्गत विचारधारा, इच्छा, आकाङ्क्षा तथा चेतनाबाट उनी पनि प्रभावित भएका छन् । यसको प्रयोग उनको उक्त उपन्यासमार्फत् थाहा पाउन सकिन्छ । यस उपन्यासमा प्रयोग भएका विश्वदृष्टिसम्बन्धी मान्यताका बीचमा निम्न कुरा अन्तर्सम्बन्धित भएर प्रयोग भएका छन्:

### १. सामाजिक पर्यावरणभित्रका वर्गमा निहित विचार, चेतना तथा विश्वदृष्टिका बीचमा अन्तर्सम्बन्ध

“तिम्रो वंशको मात्र होइन भाइ, कमाण्डिङ बाको मृत्युमा नेपाली समाजले भोगेको एउटा पिंढीको, एउटा युगको इतिहास समाप्त भो” (क्षत्री, २०६१ पृ.२४८) भन्ने कुरा व्यक्त भएको देखिन्छ । उक्त कुराबाट एउटा पूर्वी नेपालको सुदूर पहाडदेखि आएर आसामको छपडी र गोठमा गोठालो जीवन बिताएर अनेक किसिमका दुःखकष्ट पाएर क्षत्रीका बुबा कमाण्डिङ बा फौजमा जागीरे भएको कुरा थाहा पाउन सकिन्छ । त्यसपछि उनले आफ्नो सामान्य स्थितिलाई उच्च स्थानमा पुऱ्याएको र अन्तमा उनको मृत्यु भएर एउटा युगको समाप्त भएको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ । नेपालका पूर्वी पहाडी भागबाट कमाण्डिङ बाजस्ता अन्य व्यक्तिहरू आसाममा गएर नयाँ जीवनको आरम्भ र अन्त्य गरेका घटनाहरूबाट त्यहाँको सामाजिक पर्यावरणबाट कैयौं नेपाली जातिहरूको चेतना प्रभावित भएको देखिन्छ । यी कुराहरूमार्फत एक ठाउँमा बसोबास गर्ने मानिसहरूको अन्तर्सम्बन्ध अर्को ठाउँमा

बसोबास गर्ने मानिसहरूसँग गाँसिएको कुरा थाहा पाउन सकिन्छ । तसर्थ, उक्त कुराहरूमार्फत क्षत्रीको यस उपन्यासमा भौगोलिक र सामाजिक वातावरणसम्बन्धी कुराहरूलाई विश्वदृष्टिको रूपमा प्रयोग गरिएको छ ।

"पृथ्वीको कुना काप्चा घाम नछिर्ने ठाउँसम्म फैलिएको" (पृ.१५९) दोस्रो विश्वयुद्धको लडाइँ बर्फिला पहाडी चट्टानदेखि रेगिस्तान मरभूमिसम्म छरिएको देखिन्छ । यसले गर्दा आसाममा बसोबास गर्ने प्रत्येक समाजका वर्ग तथा समूहको सम्भावित चेतना पनि त्यसै लडाइँबाट प्रभावित भएको पाइन्छ । त्यस लडाइँबाट जलथल र आकाशपाताल कतै उम्कने ठाउँ नभएको र सारा वायुमण्डल विशाक्त ग्याँसमा विलिन भएको देखिन्छ । त्यस अवस्थामा आसामको विभिन्न समाजमा बसोबास गरेका मानिस मात्र नभएर अन्य देशका मानिसका विचार तथा चेतना मानवीय क्रियाकलाप व्यवहार र चिन्तनबाट प्रभावित भएको कुरा थाहा पाउन सकिन्छ । "आकाशबाट वायुयान बम वर्षा गर्थे र पृथ्वीका समस्त मानव जाति र तिनको अलौकिक सिर्जनालाई अस्तव्यस्त ध्वस्त पार्नमा तल्लीन थिए" (पृ.१५९) । यस भनाइका आधारमा क्षत्रीकै समुदायका विचार, भावना र चेतना आदि कुराहरूमार्फत आसामको नेपाली एवम् नेपालीतर समाजका व्यक्तिहरूको वर्ग, समूह तथा लेखकको समाजका अन्य व्यक्तिहरूको विचार र भावनासँग जोडिएको पाइन्छ । दोस्रो विश्वयुद्धमा समुद्रमुनि पातलमा पनडुब्बी ठूला जहाज र नौसेना सैनिकलाई सखाप पार्नमा नाजीवादीहरू जुटेको र नाजीवादीहरूलाई सखाप पार्नमा अमेरिका र बेलायतजस्ता राष्ट्रहरू जुटको कुराहरू पनि एकआपसमा अन्तर्सम्बन्धित देखिन्छन् । यी कुराहरूले पनि तिनीहरूलाई मात्रै नभएर विश्वका अन्य देशमा बस्ने हरेक खाले वर्ग वा समूहको चेतनामा प्रभाव पारेको छ । यी कुराहरू आसाममा बस्ने नेपाली एवम् नेपालीतरका जातिहरूमा पनि व्यक्त भएको देखिन्छ । यसैगरी ७ मई १९४५ को दिन मित्रराष्ट्र गुट विशेषगरी रुसको हातमा एकातर्फ जर्मनीले आत्मसमर्पण गरेको देखिन्छ । अर्कोतर्फ जापान, ब्रिटिश र भारतीय सैनिकद्वारा बर्माको जङ्गलमा भीषण गोरिल्ला युद्धको चाप र टापूहरूमा अमेरिकी नौसेना आक्रमणको दोहोरो चापले गर्दा १४ अगष्ट १९४५ को दिन बर्मालाई विनाशर्त आत्मसमर्पण गर्न बाध्य गराएको देखिन्छ । यी कुराहरूले त्यहाँका व्यक्तिहरूको धारणा वा विचारको माध्यमबाट विश्वदृष्टिसम्बन्धी कुरा व्यक्त भएको पाइन्छ । यसैगरी अमेरिकाले जापानको हिरोसिमा र नाकासाकीजस्ता सहरमा एटम बम खसालेपछि ती सहरहरू पूर्ण रूपमा ध्वस्त भएका र लाखौं मानिसहरूको मृत्यु भएका घटनाहरूले निश्चित कालखण्डमा एउटा वर्ग वा समूहको विचार, अनुभूति र व्यवहारलाई एकदेश हुँदै विश्वका कुनाकाप्चासम्म फैलाएको पाइन्छ । यस क्रममा जापानले अमेरिकासामु आत्मासमर्पण गरेको एवम् यस युद्धले आसामका नेपाली एवम् नेपालीतरका जातिहरूलाई प्रभाव पारेको कुरालाई विश्वदृष्टिको सिद्धान्तअनुरूप प्रयोग गरिएको छ ।

बीसौँ शताब्दिको प्रारम्भमा भने आसामको नेपाली समाजका व्यक्तिमा राजनीतिले प्रभाव पारेको देखिन्छ । उनीहरू पहिलेका दिनमा घटित घटनाहरूको प्रमुख क्रियाकलापलाई महसुस गरेर त्यस्तै खाले पृथक अथवा स्वतन्त्र रूपमा जाने कुरामा चेतनशील बनेको पाइन्छ । त्यस अवस्थामा उनीहरूले आफू स्वयम्‌को आन्तरिक सम्बन्ध र बाह्य सुरक्षासम्बन्धी व्यवस्थालाई कसरी पूर्ण एवम् आत्मनिर्भर बनाउने भन्ने कुरामा केन्द्रित रहेको देखिन्छ । सन् १९२६ को डिसेम्बर महिनामा भारतका जनताले अङ्ग्रेजका विरुद्धमा कसरी लाग्ने भन्ने कुरामा एकआपसमा अन्तर्क्रिया गरेका घटना विश्वदृष्टिसम्बन्धी मूल्य, मान्यता, विचार एवम् चेतनामा केन्द्रित रहेको पाइन्छ । "यो बूढो गान्धी बापुजी पनि आएको थियो" (पृ.६७) भन्ने प्रसङ्गले पनि अङ्ग्रेज सरकारको प्रहरीमा खटिएका नेपालीले पनि भारतीय जनतालाई साथ दिएर अङ्ग्रेजका विरुद्धमा लाग्नुपर्छ भन्ने कुरालाई *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा व्यक्त गरिएको छ । त्यसबेला भारतको आसाममा बस्ने मात्र नभएर अन्य भूभागमा बस्ने सम्पूर्ण नेपालीहरूले पनि

अङ्ग्रेज सरकारको विरुद्ध गरिएका विभिन्न खाले सभा, समारोह र अधिवेशनमा भाग लिएर आफ्नो इच्छा, आकाङ्क्षा भावना एवम् चेतनालाई उजागर गर्ने कुरामा लागेको देखिन्छ। भारतको आसाम एवम् अन्य भूभागमा बस्ने नेपाली एवम् नेपालीतरका जातिहरूमा पनि विभिन्न खाले दृष्टिकोण, संरचना एवम् तत्कालीन समाजका बुद्धिजीवी व्यक्तिहरूका इच्छा, आकाङ्क्षा एवम् भावनाअनुसार काम गर्ने व्यक्तिहरूसँग अन्तर्सम्बन्धित विषयवस्तु बनेर आएको पाइन्छ । यसरी क्षत्रीको यस उपन्यासमा व्यक्त गरिएका नेपाली एवम् नेपालीतर जातिका व्यक्तिहरूको इच्छा, आकाङ्क्षा, विचार र भावनाजस्ता सम्पूर्ण कुराहरूलाई विश्वदृष्टिसम्बन्धी मान्यताको रूपमा प्रयोग गरिएको छ ।

आसामको विभिन्न भूभागमा सिपाहीको जागीर खाने नेपालीतरका अन्य जातिले नेपाली भाषालाई अवलम्बन गरेर नेपाली जातिहरूसँग नजिकको सम्बन्ध स्थापित गरेको देखिन्छ। "वास्तवमा नेपाली सबैको माध्यम थियो पुलिसहरू माझ भन्दा पनि हुन्छ" (पृ.४४) । यस भनाइका आधारमा आसाममा बस्ने हिन्दी, कछारी र बिहारी जातिका मानिसहरूले समेत नेपाली भाषा ग्रहण गरेको कुरा थाहा पाउन सकिन्छ। नेपाली भाषाको विस्तार आसाममा बस्ने अन्य जातिमा व्याप्त भएको तथा उनीहरूका इच्छा, आकाङ्क्षा र चेतनाले गर्दा नेपाली भाषा सर्वव्यापी रूपमा फैलिएको मानिन्छ । यसैको फलस्वरूप आसामका अन्य जातिहरूको अन्तर्सम्बन्ध एकआपसमा स्थापित भएको देखिन्छ । यिनै माथिका कुराले गर्दा त्यहाँको समाजको सामाजिक वर्ग विशिष्ट समाजको समूहद्वारा बनेको हुन्छ भन्ने कुरालाई क्षत्रीले *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा उल्लेख गरेका छन् । त्यसैले पछि मात्र त्यहाँको समाज विशिष्ट समूह तथा व्यवसायिक, कानूनी तथा पारिवारिक सदस्यताको माध्यमबाट विकसित भएको देखिन्छ ।

"नेपालको सामन्ती व्यवस्था र जातीय छोइछिटोको कुसंस्कारमा पिल्सिएर तन्नम भई बसी नसक्नु भएपछि विदेशिनेहरूको बाध्य जीवनको" (प्रधान, २०५२, पृ. २७६) कारुणिक अवस्था आसाममा बसोबास गर्ने नेपाली जातिहरूमा विद्यमान रहेको देखिन्छ । एकातर्फ बाघे महाजनका छोरा खड्गवीरको विवाह हुँदा जातीयताका आधारमा उनीहरूलाई छुट्टाछुट्टै राखेर भोजभतेर खुवाएको देखिन्छ। उक्त अवसरमा ब्राहमण जातिका मानिसहरूले नुहाइधुवाइ गरी लुङ्गी र कट्टु लगाएर छुट्टै भान्सामा खाना खाएको र तल्लो जातिका मानिसहरूले टौवा वा अलि पर अलगै बसेर खाना खाएका घटनाहरू *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा व्यक्त भएका छन् । यी कुराहरूले तत्कालीन समाजमा पनि माथिल्लो जाति र तल्लो जातिका व्यक्तिहरूको मानसिक हृदय, चेतना र भावनामा उक्त खाले कुराले प्रभाव पारेको देखिन्छ । क्षत्रीको यस उपन्यासमा सामाजिक रूढिवाद र अन्धविश्वाससम्बन्धी कुरा अभिव्यक्त हुनाको कारण त्यसबेलाको नेपालको ऐतिहासिक तथा राजनीतिक परिवेश हो भन्ने कुरा तत्कालीन समाजका विभिन्न खाले वर्ग वा समूहमा आबद्ध भएको छ । यसरी उक्त कुराहरूलाई यस उपन्यासमा साहित्यको समाजशास्त्रीय अध्ययनको लागि आवश्यक पर्ने विश्वदृष्टिको सिद्धान्तको रूपमा प्रयोग गरिएको छ ।

जातीय कुसंस्कार एवम् सामाजिक अन्धविश्वास र कुरीतिले आसामको नेपाली समाजका व्यक्तिहरूलाई मात्र प्रभाव नपारेर नेपालीतर समाजका जातिहरूलाई पनि प्रभाव पारेको देखिन्छ । नेपालमा तल्लो जातका व्यक्तिहरूलाई माथिल्लो जातका व्यक्तिहरूले अन्याय र अत्याचार गरेको हुनाले निम्न तथा गरिब वर्गका व्यक्तिहरूको इच्छा, आकाङ्क्षा र विचारहरू दमित भएको पाइन्छ। कमाण्डिङ बाले कौशिला र गोपीचन्द्र मगरको परिवारलाई तल्लो जातिका मानिसहरू भनेर व्यक्त गर्नुभन्दा पहिले उनीहरूले आफूहरूलाई अपमान गरेको कुरा व्यक्त गर्दछन् । त्यस्तै अङ्ग्रेजहरूले भारतको आसाममा बस्ने नेपाली एवम् नेपालीतरका व्यक्तिहरूलाई अन्याय, अत्याचार, शोषण एवम् बलात्कार गर्दा उनीहरू त्यसको विरुद्धमा लागेका छन् । "अङ्ग्रेजी शासक पनि भारतीयहरूलाई दास

सम्झन्थे" (पृ.१०८) । यस प्रसङ्गले भारतीयहरू र आसाममा बस्ने नेपाली जातिहरू एकआपसमा अन्तर्सम्बन्धित भई उनीहरूको विरोध गर्न सडकमा उत्रिएर आन्दोलन गरेको कुरा व्यक्त भएको पाइन्छ । त्यस्तै "पहाडको दुःखको विरक्त भएको एउटा युवकलाई पल्टनमा हालीदिने भनी झुक्याएर आसामको अनकण्टार गाउँमा पुऱ्याइ, विना पारिश्रमिक वर्षौं वर्षसम्म दासजस्तो काममा खटाइ शोषण गर्ने" (क्षत्री, २०६१ : भूमिका) भन्ने कुराले पूर्वी नेपालमात्र नभएर नेपालका अन्य भूभागमा बस्ने नेपालीहरूको इच्छा, आकाङ्क्षा र चेतनालाई नेपालीहरूले नै कुण्ठित गराएका देखिन्छ । यसैले माथिका यी घटनाहरू नेपालको विभिन्न भूभाग हुँदै भारतलगायत अन्य देशहरूमा पनि यत्रतत्र छरिएको पाइन्छ ।

नेपालका अधिकांश भूभागहरूमा पुरुषहरूले महिलालाई तथा आफ्नो श्रीमतीलाई चरम रूपमा अन्याय, अत्याचार र शोषण गरी उनीहरूका वैयक्तिक इच्छा, आकाङ्क्षा र सोचलाई दबाउन खोजेको देखिन्छ । "एउटै ओछ्यानमा सुतेकी स्वास्नी मस्त निद्रामा परेको बेला हानेछन् खुकुरीले" (पृ.१६७) भन्ने कुराले आसाममा बस्ने पुरुष जातिहरूको सामाजिक, सांस्कृतिक मूल्य र मान्यताहरू पनि केवल चेतनहीन र विवेकहीन अवस्थाको रूपमा विकसित भएको देखिन्छ । बस्नेतले आफ्नो श्रीमतीका दाँया हातका चारवटा औंलालाई खुकुरीले काटी दिएकाले त्यहाँका छरछिमेकीहरूले उनलाई अस्पतालमा पुऱ्याएर उपचार गरेका कुरा एकआपसमा अन्तर्सम्बन्धित भएको पाइन्छ । त्यसैले त्यहाँका अरू मानिसहरूमा भने एकआपसमा सहयोग गर्नुपर्ने भन्ने चेतना, भावना र विचारसम्बन्धी कुराहरू विश्वव्यापी मूल्य र मान्यताका रूपमा विकसित भएको देखिन्छ ।

लीलबहादुर क्षत्रीले *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा आफ्नो बुबाको समाजमा घटेका यौनसम्बन्धी कुराहरूलाई पनि वर्तमान र पछि आउने समयको रूपमा व्यक्त गरेका हुनाले उक्त कुराहरूमार्फत उनले सम्पूर्ण पात्रहरूको भविष्य तथा दूरदर्शीसम्बन्धी विचारलाई व्यक्त गरेका छन् । यस उपन्यासले आसाममा बस्ने नेपाली एवम् नेपालीतर समाजका वर्ग वा समूहको इच्छा, आकाङ्क्षा र सम्भावित चेतनाको अभिव्यक्त गरेको छ । "यौनको भोक भन्ने कुरा मानिसमा कति अनौठो कमजोरी हुँदोरहेछ जसलाई कुनै संयम, कुनै आचारसंहिताले दमन गर्न सक्दैन" (पृ.५१) भन्ने कुरालाई क्षत्रीले स्वभाविक रूपमा लिएका छन् । क्षत्रीको यस उपन्यासले सम्पूर्ण देशका भूभागमा बसोबास गर्ने हरेक समाजका वर्ग वा समूहको सम्भावित चेतनालाई समेटेको पाइन्छ । यसकारण यस उपन्यासमा उल्लेखित पात्र कमाण्डिङ बाले आफू यौवन अवस्थामा छँदा आफूले सँगालेका अनुभवहरूलाई व्यक्त गर्दै उक्त कुराहरूलाई अन्य रूपसँग सम्बद्ध गरी ती पात्रहरूको मानसिक संरचनामा परिवर्तन ल्याएको कुरालाई विश्वदृष्टिको रूपमा प्रयोग गरिएको छ ।

मानिसहरू जुन परिवेशमा हुर्कन्छन् तिनीहरूले आफ्नो लोकसंस्कृतिलाई देखेर, सुनेर र अनुभव गरेर व्यक्त गर्दछन् भन्ने कुरा क्षत्रीको *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा विश्वदृष्टिका रूपमा आएको देखिन्छ । यस उपन्यासमा उल्लेख गरिएको पात्र कौशिलाले आफू जन्मेको, हुर्केको, बढेको एवम् अनुभव गरेको समाज पश्चिम नेपालमा प्रचलित लोकगीतलाई आसाममा जाँदा पनि गाएको देखिन्छ । यी कुराहरूले उनको इच्छा, आकाङ्क्षा र भावनालाई आफ्नो सामाजिक मूल्य र मान्यताअनुसार व्यक्त गरेकी छिन् । तिमीले गीत गाउन कहाँबाट सिक्यौं भनेर कमाण्डिङ बाले कौशिलालाई सोध्दा उनले "अरूले गाको सुनेर, देखेर" (पृ.९१) भनी । आफ्नो विचार वा धारणालाई आफू जन्मेहुर्केको पहाडी क्षेत्रदेखि आसामको विभिन्न भूभागसम्म चिनाउने प्रयास गरेको देखिन्छ । यसरी क्षत्रीले आसाममा बस्ने नेपाली जातिका मातृभाषा, स्थानीय भाषा तथा लवजलाई चौतर्फी रूपमा फैलाएको कुरालाई विश्वदृष्टिको रूपमा व्यक्त गरिएको छ ।

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासले आसाममा बसोबास गर्ने नेपाली समाजका व्यक्तिहरू अर्काको घरमा गाईवस्तु हेर्न गोठालो भएर बसेको दुःखदायी र कारुणिक अवस्थासम्बन्धी विचार तथा चेतनालाई उल्लेख गरेको छ । उपन्यासकारले त्यहाँका नेपाली समाजका व्यक्तिहरूको व्यवहार र चिन्तनसम्बन्धी कुराहरूलाई व्यक्त गरेका छन् । "यसरी आरभ हुन्छ ब्रह्मपुत्र छेउको त्यस शीतल गाउँको गोठालो जीवन" (पृ.९) भन्ने कुराबाट उनका बुबा कमाण्डिङ बाको अनुभव, विचार तथा चिन्तनलाई क्षत्रीले यस उपन्यासमा उल्लेख गरेका छन् । क्षत्रीकै बुबाको समुदायका विचार, भावना र चेतनाजस्ता कुराहरू क्षत्रीको विचारसित अन्वित भई विश्वदृष्टिको रूपा विकास भएको छ । क्षत्री बसोबास गर्ने समाजमा त्यहाँका वर्ग वा समूहको अन्तर्वैयक्तिक सम्बन्धबाट एउटा विशेष प्रकारको विचार तथा चेतनाको विकास भएकाले त्यसले उपन्यासकारको मानसिकतालाई प्रभाव पारेको पाइन्छ । कमाण्डिङ बाले आसामको नेपाली समाजमा बसेर त्यहाँ कृषि तथा पशुपालनसम्बन्धी काम गरेको हुनाले उपन्यासकारले यस उपन्यासमा व्यक्त गरेको विश्वदृष्टिमा आफ्नै समाजका वर्ग वा समूहको सहभागिता गराएका छन् । यसरी क्षत्रीको यस उपन्यासमा उल्लेख गरेका नेपाली जातिहरूको एउटा वर्ग वा समूहको सम्भावित चेतनाले विश्वदृष्टिसम्बन्धी मान्यताहरूको स्थापित गरेको हुनाले त्यस अभिव्यक्तिबाट त्यहाँ बसोबास गर्ने नेपाली एवम् नेपालीतर समाजका जातिमा रहेका धर्म, दर्शन, कला र साहित्यसम्बन्धी विचार व्यक्त भएको छ ।

"आत्मकथात्मक शैलीको प्रयोग यस चरणमा देखिएको अर्को प्रवृत्ति हो" (अधिकारी, २०५१,पृ. ८४) भन्ने कुरा *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा पनि प्रयोग गरिएको छ । क्षत्रीले यस उपन्यासमा आसाममा बस्ने नेपाली तथा आसामे जाति बीचको राजनीतिक, आर्थिक, सांस्कृतिक र प्रणयसम्बन्धी सम्बन्ध एवम् त्यहाँका मानिसहरूले भोग्नुपरेका विभिन्न समस्याहरूलाई उल्लेख गरेका छन् । लेखकले कृति सिर्जना गर्दाको समकालीन सामाजिक परिस्थिति बीच उब्जिएका यस समाजको स्थिति वा चिन्तनसम्बन्धी अवधारणाहरू यस उपन्यासमा व्यक्त गरिएको छ । यसकारण यस उपन्यासमा क्षत्रीका सम्पूर्ण अनुभवबाट विश्वदृष्टिसम्बन्धी राजनीतिक, आर्थिक र सांस्कृतिकजस्ता कुराहरू व्यक्त गरिएको पाइन्छ ।

## २. विश्वदृष्टि तथा सामाजिक संरचनाका बीचमा समानधर्मिता

*प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासका ऐतिहासिक घटना विश्वव्यापी रूपमा प्रत्येक भूभागमा बसोबास गर्ने मानिसहरूका विगतमा घटेका घटनाहरू भएकाले यसले आसाममा बस्ने नेपाली एवम् नेपालीतरका जातिहरूलाई प्रभाव पारेको छ । यस उपन्यासमा क्षत्रीले उल्लेख गरेका प्रथा, परम्परा, धर्म, जनमत र पञ्चायतजस्ता कुराहरूले क्षत्री बसोबास गर्ने समाजका विभिन्न जातिका मानिसका इच्छा, आकाङ्क्षा, विचार, भावना एवम् मूल्यमान्यताजस्ता कुराहरूलाई प्रकट गरिएके छ । यस उपन्यासमा क्षत्रीले आसामको पल्टनबजारमा एउटा ठूलो पीपलको नजिक भएको पुलिसथानामा गोर्खा पल्टने सैनिकहरूले आफूले सभा राखेर आफ्ना भावनाहरू एकआपसमा व्यक्त गर्ने काम धेरै पहिलेदेखि थालेको पाइन्छ । आसामको नेपाली एवम् नेपालीतर समाजका जातिहरूको वर्ग वा समूहद्वारा पनि विश्वदृष्टिको संरचना र क्षत्रीको काल्पनिक कृतिमा सिर्जित संरचनाका बीचमा समाजधर्मिता देखिन्छ । आसाममा नेपालीहरूले "स्थापना गरेको गोर्खा पञ्चायतले नेपालीहरू माझको आपसी झैं-झगडा, वादविवादमा न्याय निशाफ गरिदिन्थ्यो" (पृ.७०) भन्ने भनाइ विश्वका विभिन्न भूभागसम्म फिँजिएको छ । आसामका नेपाली जातिहरूमा जस्तै त्यहाँका नेपालीतर जातिहरूका पनि न्याय निसाफ दिलाउने सरकारी अड्डा-अदालत भएको कुरा थाहा पाउन सकिन्छ । त्यस्तै "गोर्खा पञ्चायतले गरेको निसाफलाई सरकारी मान्यता दिइन्थ्यो" (पृ.७०) भन्ने कुराले पनि आसामको नेपाली समाजमा मात्र नभएर त्यतिबेला नेपालका विभिन्न भूभागहरूमा पनि नेपालीहरू

माझ धेरैजसो जातपातसम्बन्धी विभिन्न खाले मुद्दाहरू फैलिएको पाइन्छ । यसरी आसामका नेपाली एवम् नेपालीतरका जातिहरू तथा नेपालका विभिन्न भूभागमा बसोबास गर्ने विभिन्न जातिका बीचको विश्वदृष्टि र सामाजिक संरचनामा समानधर्मिता रहेको देखिन्छ ।

विश्वमा देखापरेको प्रथम र दोस्रो विश्वयुद्धले आसामको नेपाली एवम् नेपालीतरका जातिहरूको भित्री मनोभावनाले कसरी आफू स्थापित हुने भन्ने खालको विचार प्रकट गरेको देखिन्छ । त्यस्तै भारतमा अङ्ग्रेजहरूले अपनाएको विस्तारवादी नीतिले पनि उनीहरूलाई प्रभाव पारेको कुरा थाहा पाउन सकिन्छ । प्रथम र दोस्रो विश्वयुद्धले फैलाएको सन्त्रासका कारण अङ्ग्रेजहरूको मनोभावनामा अब हामीले भारत देशमा अपनाएको विस्तारवादी नीतिलाई त्यागेर आफ्नो देशमा गई प्रथम र दोस्रो विश्वयुद्धमा भाग लिएर आफ्नो अस्तित्त्वलाई जोगाउनुपर्छ भन्ने चेतना र विचारको विकास भएको पाइन्छ । भारतीय जनताले अङ्ग्रेजहरूको विरुद्धमा गरिएको आन्दोलनपछि भारत देश स्वतन्त्र हुन पुगेकोले "भारत स्वाधीन भएपछि अङ्ग्रेजहरू एकाएक गर्दै जान थाले" (पृ.१८४) भन्ने कुराले अङ्ग्रेजहरूको इच्छा, आकाङ्क्षा, विचार तथा चेतनाजस्ता कुराहरूमा परिवर्तन आएको देखिन्छ । अङ्ग्रेजहरूले भारतलाई पाकिस्तान र बङ्गलादेश गरी विभिन्न देशहरूमा टुक्राटुक्रा पारेर विभाजन गरे तापनि अन्तत उनीहरू भारत छोड्न बाध्य भएको पाइन्छ । यसैगरी भारतबाट अङ्ग्रेजहरूले हार खाएर घुँडा टेक्न बाध्य भएकाले नेपाली जनताले पनि अब नेपालमा राणाशासनलाई अन्त्य गरेर प्रजातन्त्र ल्याउनुपर्छ भन्ने कुरामा चेतनशील बनाएको देखिन्छ । अङ्ग्रेजहरूले गर्दा नेपालमा राणाहरूको सरकार लामो समयसम्म टिकेको कुरा उनीहरूको भित्री मन र चेतनामा व्यक्त भएको छ । नेपाल नाम मात्रको स्वधीन देश भए तापनि "बाह्य आक्रमणको निम्ति अङ्ग्रेज सरकारकै ओतमा थियो" (पृ.५०) भन्ने कुरा क्षत्रीले व्यक्त गरेका छन् । भारतबाट अङ्ग्रेजहरूको शासन व्यवस्थाको अन्त्य भएपछि नेपालमा पनि वि.सं. २००७ सालमा प्रजातन्त्र आएको देखिन्छ । यसो हुनाको मूल कारण नेपाली समाजका व्यक्तिहरूको विचार, चेतना र भावनामा विश्वमा देखिएका प्रथम र दोस्रो विश्वयुद्ध तथा भारतीय स्वाधीनता सङ्ग्रामजस्ता कुराहरूले प्रभाव पारेको पाइन्छ । यसैले विश्वमा देखिएका प्रथम र दोस्रो विश्वयुद्धसम्बन्धी घटना तथा भारतीय जनताले अङ्ग्रेजहरूको विरुद्धमा गरेको *भारत छोड* आन्दोलन तथा नेपालमा राणाशासनको अन्त्य भई प्रजातन्त्र आएका घटनाहरू एकआपसमा अन्तर्सम्बन्धित देखिन्छन् ।

यसरी यस उपन्यासमा एकातिर कुनै पनि समाजमा बस्ने विभिन्न वर्गका व्यक्तिभित्र निहित रहेका विचार, चेतना आदिले प्रभाव पारेका कुरा विश्वदृष्टिका रूपमा यत्रतत्र फैलिएका पाइन्छन् । अर्कातिर सामाजिक संरचना र विश्वदृष्टिका बीचमा समानधर्मिता देखिएका वस्तु पनि उक्त उपन्यासमा अन्तर्सम्बन्धित भएर आउँछन् भन्ने दृष्टिकोणलाई विश्वदृष्टिका मूल्य र मान्यता अनुरूप प्रयोग गरिएको छ ।

## निष्कर्ष

साहित्यको समाजशास्त्रीय सिद्धान्तका निम्ति आवश्यक पर्ने विश्वदृष्टि भनेको उक्त अध्ययनको सैद्धान्तिक मापदण्डमार्फत् समाजका विभिन्न व्यक्तिहरूमा रहेका विभिन्न खाले विचार, मूल्य, मान्यता, संस्कृति एवम् कानुन र प्रचलित क्रियाकलापको विभिन्न गतिविधिमार्फत् खोजी गरी अध्ययन गर्ने विधि हो । उक्त सिद्धान्तअन्तर्गत प्रयोग भएको विश्वदृष्टिले समाजका सबै खाले वर्गहरू बीच रहेका विचार, इच्छा, आकाङ्क्षा तथा चेतनजस्ता कुराहरूमा देखिएका विभिन्न खाले समानता र असमानताजस्ता कुराका बारेमा खोजी गर्दछ अनि त्यसमार्फत् त्यस्ता खाले वर्गका बीचमा रहेका साझा तथा भिन्न गुणका बारेमा अध्ययन गरिन्छ । यसले कुनै पनि समाजमा देखापर्ने

आर्थिक, सामाजिक, राजनीतिक, ऐतिहासिक एवम् भौगोलिक पक्षलाई कसरी विश्वसमुदायका बीचमा लागू गर्ने भन्ने कुराको खोजी गरी उक्त पक्षमार्फत विभिन्न कालखण्डमा घट्ने घटनाहरूको अध्ययन गर्दछ। विश्वदृष्टिमार्फत कुनै एउटा जातिको सम्पूर्ण पक्षहरूको खोजी गरिन्छ र त्यसपछि उसलाई सम्पूर्ण विश्वसमुदायको रूपमा चिनाउने पद्धतिका बारेमा अध्ययन गरिन्छ । वर्तमान सञ्चारको युगमा यसको माध्यमद्वारा विश्वदृष्टिसम्बन्धी सैद्धान्तिक मापदण्डअनुरूप कसरी त्यससम्बन्धी सूचनालाई चारैतर्फ फैलाउने भन्ने कुराको खोजी विश्वदृष्टिमार्फत गरिन्छ भने अर्कोतर्फ साहित्यकारहरूले यसलाई आफ्नो साहित्यिक कृतिहरूमा कसरी प्रयोग गरेका छन् भन्ने कुराका बारेमा अध्ययन गरिन्छ। यसरी कुनै कृतिभित्र यिनै माथिका आधारहरूमा विश्वदृष्टिसम्बन्धी कुराका बारेमा खोजी गरेर अध्ययन गरियो भने साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा विश्वदृष्टिको सिद्धान्तको खोजी गरेर अध्ययन गरिएको कुरा पुष्टि भएको मानिन्छ । त्यस्तै *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा ब्रह्मपुत्र नदीका छेउछाउमा बसोबास गर्ने नेपाली एवम् नेपालीतर जातिका मानिसमा उत्पन्न भएका आवेग, संवेग तथा भारतमा अङ्ग्रेजविरुद्ध त्यहाँका जनताले गरेका आन्दोलनका घटना तथा नेपालमा राणाकालीन शासनव्यवस्थाको विरुद्ध नेपाली जनताले गरेको आन्दोलन र दोस्रो विश्वयुद्धले भारतको उक्त क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूको मनमा उत्पन्न गरेका डर, त्रास, इच्छा, आकाङ्क्षा र विचारजस्ता कुरा व्यक्त भएका छन्। त्यसैले यस उपन्यासमा उल्लेख गरिएका कुरा कुनै एउटै ठाउँमा सीमित नरही चारैतिर फैलिएका हुनाले उक्त कुरालाई विश्वदृष्टिका रूपमा प्रयोग गरिएको छ। यसैगरी यस उपन्यासमा नेपाल एवम् नेपालबाहिर रहेका भारत देशका आसाम, सिलाङ र गोहाटी आसपासका क्षेत्रमा बस्ने नेपाली एवम् नेपालीतर व्यक्तिहरू बीच रहेका सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिक,धार्मिक, भौगोलिक, पौराणिक र सांस्कृतिक मूल्य, मान्यता, विचार, चेतना, इच्छा, आकाङ्क्षा र सोचाइजस्ता कुराको विस्तार सबैतिर छरिएको हुनाले उक्त कुरालाई विश्वदृष्टिका रूपमा प्रयोग गरिएको छ । यसरी क्षत्रीका उपन्यासमा व्यक्त गरिएको विश्वदृष्टिसम्बन्धी कुरालाई साहित्यको समाजशास्त्रीय अध्ययनका लागि आवश्यक पर्ने विश्वदृष्टिका सिद्धान्तका रूपमा प्रयोग गरिएको छ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, रञ्जन (२०५१), "लीलबहादुर क्षत्रीका औपन्यासिक कृतिहरूको विश्लेषण" (स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

क्षत्री, लीलबहादुर (२०६१), *प्रतिध्वनिहरू विस्मृतिका,* गोहाटी : अनुराग प्रकाशन ।

गोल्डनर, अल्भिन डब्लु (सन् १९७१), *सोसियोलोजिकल पर्स्पेक्टिभ्स,* इङ्गल्याण्ड : पेनगुइन बुक ।

गोल्डनर, सी. अलुइन्ट (सन् १९७१), *द कमिङ्ग क्राइसिस् अफ वर्स्टन सोसियोलोजी,* न्यू दिल्ली : होइनम्यान् एजुकेशनल बुक्स ।

गोल्डम्यान, लुसियन (सन् १९५२), *द ह्युमन साइन्स एन्ड फिलोसोफी,* लन्डन : जोनाथन् क्याफे ।

गोल्डम्यान, लुसियन (सन् १९६४ ), *द हिडन गड,* लन्डन : पेनगुइन् बुक्स ।

गोल्डम्यान, लुसियन (सन् १९७५), *टुवार्डस् अ सोसियोलोजी अफ नोभेल,* लन्डन : ट्राभिस्ट्रोक्स पब्लिसिङ्ग ।

गोल्डस्किमिन्ट, वाल्टर (सन् १९६०), *एक्स्लोरिङ्ग द वच अफ म्यानकाइण्ड* (एन्थ्रोपोलोजी मोर्डन वर्ल्ड), न्यूयोर्क : हल्ट रिनेहार्ट एन्ड विङस्टङ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार,* दो.सं., ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दीपा प्रकाशन ।